नेपाल सरकार
Government of Nepal
# कृषि विकास मन्त्रालय
# Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
SInghadurbar, Kathmandu, Nepal

# एकिकृत बाली पात्रो - अम्बा खेती (Integrated Crop Calendar–Guava)

| महिना | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | असोज | कर्तिक | मंगसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |


अम्बा बिरुवाको नर्सरी


अम्बाको बगैंचा


टिपिएको अम्बाको


पाकेको अम्बा

**हावापानी :** अम्बा उपोषण प्रदेशिया फल हो । यसले लामो समय सम्म तुषारो सहन सक्दैन । वार्षिक सालाखाला १०० से.मि. भन्दा कम पानी पर्ने ठाउँमा अम्बा खेतीका लागि राम्रो मानिन्छ । नेपालमा १४०० मिटरसम्मको उचाईमा अम्बा खेती गर्न सकिन्छ ।



**अम्बाका जातहरु :** १. लखनउ -४९, २. ईलाहाबाद सफेदा, ३. बनारसी, ४. चित्तिदार, ५. रेड फलेस्ड, ६. स्थानिय जातहरु



**माटो :** रातो, कालो, चिम्ट्याइलो र बलौटे आदि सबै प्रकारको माटोमा अम्बा खेती गर्न सकिन्छ । अम्बाको खेती अम्लीय (पि.एच.४.५) र क्षारीय (पि.ए.च. ८.२) दुवै प्रकारको माटोमा गर्न सकिन्छ ।

**अम्बाको प्रजनन :** अम्बालाई बीउ र विभिन्न अलैंगिक विधिहरुवाट प्रजनन् गर्न सकिन्छ । अम्बालाई तपसिल अनुसारको वानस्पतिक (अलैंगिक) विधिहरुवाट प्रजनन गरिन्छ ।
१. गुटी बाँध्ने, २. विच्छेदन, ३. स्टुलिङ, ४. ग्राफिटङ्ग र बडिङ्ग

**वोट लगाउने विधि र दुरी :** अम्बालाई वर्गाकार, त्रिकोण र षट्कोण मध्ये कुनै पद्दतिवाट लगाउन सकिन्छ । विरुवालाई ६-७ × ६-७ मिटरको दुरीमा लगाउनु पर्दछ । अम्बाको विरुवा जेष्ठ देखि श्रवाणसम्म रोप्न सकिन्छ ।

**मलखाद :** एक वर्षको विरुवाललाई ५० ग्राम नाइट्रोजन, २५ ग्राम फस्फोरस र ५० ग्राम पोटास दिनु पर्दछ । उक्त मात्रा ६ वर्षसम्म बढाउँदै लानु पर्दछ ।

**सिंचाई :** बृद्धि भइरहेको विरुवाको जरा वरपर सुख्खा हुन गएमा सिंचाई गर्नु आवश्यक हुन्छ ।

**बाली व्यवस्थापन :** अम्बासँग प्रतिस्पर्धा नगर्ने कफी वा भुईकटहर चना, रहर, बोडी, केराउ जस्ता वालीहरुलाई प्राथमिकता दिनु पर्दछ । अम्बालाई ओपेन सेन्टर विधि अपनाएर तालिम दिनु पर्दछ । अम्बाका नयाँ हाँगाहरुमा मात्र फल लाग्छन ।



**फलफूलको विकास :** वैशाख र जेष्ठमा फूलहरु फुली भदौ-असोजमा फल पाक्छन् । बढि गर्मी हुने ठाउँमा भदौ-असोजमा पुनः फूल फुली फागुनमा फलहरु पाक्छन् ।



**उपज र भण्डारण :** अर्ध पाको अवस्थामा फलहरुलाई टिप्नु पर्दछ । अम्बाको एउटा वोटले सालखाला ९०-३५० किलो फल दिन्छ । अम्बालाई ८.५ -१४ से.ग्रे तामक्रममा करिब ९ महिनासम्म भण्डारण गरेर राख्न सकिन्छ ।

**किराहरु :**

**१. फलको औंसा :** औंसा लागेका फलहरुलाई जम्मा गरेर नष्ट गर्नुपर्दछ । मालाथियन, डेमिकमजस्ता कीटनाशक विषादीहरुलाई खुदो मिलाएर छर्कनुपर्दछ ।



**२. मिलिवग :** नियन्त्रण गर्न बोटको फेद वरिपरि प्लाष्टिक बेरिदिएमा यसका बच्चाहरु वोटमा चढ्न सक्दैन । आक्रमण भएको बोटहरुलाई निकोटिन (एक भाग) सल्फेट पानी ६०० भाग मिलाएर अथवा ०.१% मेटासिड छर्केर नियन्त्रण गर्न सकिन्छ ।

**३. कत्ले कीरा :** यो किरा हरियो र साना हुन्छ । फल , पात तथा डाँठमा चिप्किएर रस चुस्छन् । माछाको तेल वा रोजिन सावुन एक भाग र पानी ६ भाग मिसाएर ७-१० दिनको फरकमा २-३ पल्ट छर्कनु पर्दछ ।

**रोगहरु :**

**१. ओइलाउने रोग :** यो रोग लागेको वोटमा माथिवाट हाँगा सुक्दै गएर केही हप्ता तथा महिनामै पुरै वोट मर्दछ । यो रोग नियन्त्रण गर्न रोग अवरोधक जातका अम्बा (चाइनिज अम्बा, बनारसी धोल्खासिन्ध नासिक, सुप्रिम लगाउनु पर्छ । वगैंचाका अन्य वोटहरु पुरै भिज्ने गरी ०.१% को बेभिष्टन अथवा वेन्लेटले १०-१५ दिनको फरकमा छर्कनु पर्दछ ।



**२. एन्थ्राक्नोज :** यो रोग लागेमा पात, डाँठ, फलमा काला धब्बाहरु देखा पर्छन । विरुवाको हाँगाहरु सुक्छन् र अन्त्यमा गएर विरुवानै मर्दछ । कपर अक्सिक्लोराइड, डाइथेन जेड ७८, डाइफोलाटन अथवा अन्य कुनै तामायुक्त ढुसीनाशक विषादी छर्कनाले यो रोगलाई अन्यत्र फैलनवाट रोक्न सकिन्छ ।



**३. खटिरे रोग :** यो रोग लागेका फलहरु, पातको नसामा खटिरा जस्ता खैरा काला दागहरु देखा पर्दछन । यो रोगवाट बच्न रोगले आक्रमण गरेका भागहरु हटाई लगाउनु पर्दछ । हाँगाहरु काटेको ठाउँमा वोडेक्स पेष्ट लगाउनु पर्दछ ।



**४.पातको थोप्लो रोग :** यो रोग नियन्त्रण गर्नः चून एक भाग र गन्धक तीन भाग मिलाएर अथवा कपर अक्सिकलोराइड छर्नुपर्छ ।



**सन्दर्भ सामाग्री :**

- उष्ण फलफूल खेती प्रविधि २०७०, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा कृषि विकास मन्त्रालय, काठमाण्डौ ।
- नेपाल कृषि प्रविधि पुस्तक २०६२ कृषि सूचना तथा संचार केन्द्र कृषि तथा सहकारी मन्त्रालय, हरिहरभवन ललितपुर ।

प्रकाशक : कृषि विकास मन्त्रालय AFACI/ATIN आयोजना, सिंहदरवार, काठमाण्डौ ।